नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८०/०४/३१

## इजिप्ट सरकारबाट प्राप्त छात्रवृत्तिको रिक्त सिटमा अध्ययनका लागि भौतिक म्याचिङको कार्यतालिका प्रकाशन गरिएको सूचना

शैक्षिक सत्र २०२३/२४ मा इजिप्ट सरकारबाट स्नातक तह (MBBS) का लागि ३ सिट तथा स्नातकोत्तर तह (MD) का विभिन्न शैक्षिक कार्यक्रमका लागि ६ सिट गरी जम्मा ९ सिट छात्रवृत्तिमा छनौट गरी सिफारिस गर्न यस आयोगबाट मिति २०८०/०४/१५ गते अनलाइन आवेदन माग गरिएको सूचनाका आधारमा तोकिएको समयभित्र रितपूर्वक प्राप्त भएका अनलाइन आवेदनहरूमध्ये एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा म्याचिङ गरी पठाइएकामा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. १३ मिति २०८०/०४/२९ को पत्रबमोजिम देहायका तह र विषयमा सिटहरू रिक्त हुन आएको हुँदा उक्त सिटहरूमा उम्मेदवारहरूको भौतिक उपस्थितिमा देहायको कार्यतालिका अनुसार म्याचिङ गरी छनौट गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचनाका प्रकाशित गरिएको छ ।

योग्य उम्मेदवारहरूमध्ये तोकिएको समयभित्र स्वयम् उपस्थित भई रजिस्ट्रेसन गरी म्याचिङ हलमा प्रवेश गर्ने उम्मेदवारहरूलाई मात्र म्याचिङ सेसनमा सहभागी गराइनेछ । एकीकृत प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा म्याचिङ भई सिट छनौट गर्ने उम्मेदवारले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ (संशोधन सहित) को नियम २२ उपनियम १ सँग सम्बन्धित अनुसूची - ६ बमोजिमको कबुलियतनामा म्याचिङ हुँदा कै समयमा गर्नुपर्ने छ ।

**अ. भौतिक म्याचिङको कार्यतालिका**

| | |
|---|---|
| मिति :- | २०८०/०५/०५ गते मङ्गलबार |
| सम्पर्क तथा हाजिरी :- | दिनको १०:३० बजेदेखि १२:०० बजेसम्म |
| म्याचिङ सेसन :- | दिनको १२:३० बजेदेखि |
| स्थान :- | चिकित्सा शिक्षा आयोगको अडिटोरियम हल, सानोठिमी, भक्तपुर |

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

आ. म्याचिङका लागि योग्य उम्मेदवारहरू

देहाय अनुसारका सम्पूर्ण आधारहरू पूरा गरेका उम्मेदवारहरू भौतिक म्याचिङ प्रक्रियामा सहभागी हुन योग्य हुने छन् :-

(१) चिकित्सा शिक्षा आयोग परीक्षा निर्देशनालयको मिति २०८०/०४/१५ को सूचनाबमोजिम मिति २०८०/०४/२० गतेभित्र रितपूर्वक आवेदन दिएका उम्मेदवारहरू
(२) वैदेशिक अध्ययन अनुमतिपत्र नलिएको
(३) कुनैपनि शैक्षिक कार्यक्रममा भर्ना नभएको

इ. म्याचिङमा सहभागी हुने उम्मेदवारले अनिवार्य रूपमा साथमा लिई आउनुपर्ने कागजातहरू

(१) आयोगबाट जारी भएको एकीकृत प्रवेश परीक्षाको प्रवेशपत्र र स्कोरकार्ड
(२) नेपाली नागरिकता प्रमाणपत्रको सक्कल
(३) वैदेशिक विश्वविद्यालय वा बोर्डबाट अध्ययन गरेको भएमा समकक्षताको प्रमाणपत्रको सक्कल
(४) काउन्सिल दर्ता प्रमाणपत्रको सक्कल (स्नातकोत्तर तहका लागि)
(५) एकीकृत प्रवेश परीक्षाको आवेदन फाराम भर्दा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र/ट्रान्सक्रिप्टको सक्कल

ई. रिक्त रहेका छात्रवृत्ति सिटहरू

| क्र.सं. | कार्यक्रम/तह | सङ्ख्या | समूह |
|---|---|---|---|
| 1 | MBBS | 1 | Open |
| 2 | MD Critical Care Medicine | 1 | Open |
| 3 | MD Oncology | 1 | Open |
| 4 | MD Radiology | 1 | Open |
| 5 | MD General Surgery | 1 | Open |

दामोदर फुयल
उपसचिव